तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका वैठक संख्या ४/०७६/०७७(६९) मितिः २०७६।०५।०४ गते ।**

प्रस्तावहरु :

१. सवारी दुर्घटना सम्बन्धमा ।
२. स्थानीय विदा अनुमोदन सम्बन्धमा ।
३. **"तिलोत्तमा लगानी सम्मेलन-२०७६"** तयारी सम्बन्धमा ।
४. आ.व.२०७६/०७७ को जिल्ला दररेट स्वीकृत सम्बन्धमा ।
५. दुर्गा लक्ष्मी रियल स्टेट जग्गा प्लटिङ्गको लागि कित्ताकाट सिफारिस सम्बन्धमा ।
६. खानेपानी बोरिङ्गको लागि जग्गा सिफारिस सम्बन्धमा । (वडा नं.-६)
७. **"तिलोत्तमा औद्योगिक ग्राम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६"** सम्बन्धमा ।
८. रोटरी क्लव अफ रुपन्देहीले सेमरा स्वास्थ्य चौकीको स्तरोन्नतिमा सहयोग गर्ने सम्बन्धमा ।
९. करारका कर्मचारीको म्याद थप सम्बन्धमा ।
१०. एकिकृत शहरी विकास योजना स्वीकृत सम्बन्धमा ।
११. विविध ।
   क) वडा नं.-६ कार्यालय परिसरमा निर्मित स्टोर भवनको भुक्तानी सम्बन्धमा ।
   ख) खरिद योजना निर्माण समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
   ग) शोक प्रस्ताव सम्बन्धमा ।

## निर्णयहरुः

**निर्णय नं.-१**

- मिति २०७६/४/३२ गते तिलोत्तमा नगरपालिकाको लगानी सम्मेलनको प्रचार-प्रसार तथा उद्योगी व्यवसायीहरुसँग अन्तरक्रिया गर्नको लागि कार्यपालिकाको पूर्ववत् निर्णय अनुरुप नगरपालिकाका कर्मचारी, जनप्रतिनिधीहरु लगायतको टोली पूर्वतर्फ जाने क्रममा सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिकामा भएको सवारी दुर्घटनाका वारेमा दुःख व्यक्त गर्दै उक्त घटनाका सम्बन्धमा देहाय अनुसार निर्णय गरियो ।

१. सवारी दुर्घनामा परी मृत्यु भएका स्व. पत्रकार डायलसन अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्ने ।
२. सवारी दुर्घनामा परी घाईते हुनुभएका यस नगरपालिकाका वडा नं. १ का वडाध्यक्ष श्री तामानाथ पाण्डेय, वडा नं १४ का वडाध्यक्ष श्री सोहनप्रसाद चौधरी, तिलोत्तमा चेम्वर

अफ कमर्शका अध्यक्ष, झविन्द्र प्रसाद कंडेल (जे.पी.) र सवारी चालक अशोक भण्डारीको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

३. स्व. अधिकारीको परिवारलाई दैवी प्रकोप उद्धार विशेष कोषबाट राहत स्वरुप रु. ५,००,०००/- (अक्षेरुपी पाँच लाख) उपलब्ध गराउने ।

४. स्व. अधिकारीको नाममा रु. ३ लाखको "डायलसन अधिकारी स्मृति पत्रकारिता पुरस्कार" नामक अक्षयकोष खडा गर्ने । उक्त कोषको संचालनका लागि कार्यविधिको निर्माण गरी सोही अनुरुप प्राप्त व्याज रकमबाट प्रत्येक वर्ष नगर क्षेत्रभित्र उल्लेखनिय योगदान पुर्याउने पत्रकारहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

५. मृतकका छोराछोरीलाई माध्यमिक तहसम्म निशुल्क शिक्षा उपलब्ध गराउनुका साथै स्नातक तहसम्मको शिक्षाका लागि जिल्ला भित्रका सरकारी क्याम्पसहरुमा पूर्ण छात्रवृत्ति उपलब्ध गराउनको लागि सम्बन्धित विद्यालय/क्याम्पससँग नगरपालिकाले समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

६. स्व. अधिकारीको श्रीमतिलाई नगरपालिका तथा नगरक्षेत्रभित्रका अन्य कार्यालयहरुमा निजको योग्यता र क्षमता अनुसारको रोजगारी उपलब्ध गरानको लागि उच्च प्राथमिकता दिने ।

७. घाईतेहरुको उपचार गर्ने क्रममा हस्पिटलमा भएको खर्चका साथसाथै हेलिकप्टर, एम्बुलेन्स, शव वाहान लगायतको यातायात खर्च नगरपालिकाको दैवी प्रकोप उद्धार विशेष कोषबाट उपलब्ध गराउने ।

निर्णय नं.-२

- यस कार्यालय र जनप्रतिनिधीहरुको अनौपचारिक सहमतिमा आकस्मिक रुपमा सूचना प्रकाशन गरी उपलब्ध गराईएका देहाय अनुसारका स्थानीय विदाहरु अनुमोदन गर्ने ।

१. मिति २०७६/४/३० गते नेपालीहरुको महान पर्व रक्षाबन्दन/जनैपूर्णिमाको अवसरमा उपलब्ध गराईएको स्थानीय पर्व विदा ।

२. मिति २०७६/५/१ गते स्व. अधिकारीको अन्त्येष्टिको अवसरमा उपलब्ध गराइएको शोक विदा ।

निर्णय नं.-३

- तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको पूर्ववत् निर्णयानुसार आगामी असोज ९ गतेको लागि तय गरिएको "तिलोत्तमा लगानी सम्मेलन-२०७६" को तयारीको लागि हालसम्म भएको प्रगतिको वारेमा समीक्षा गरियो । साथै तोकिएको समयमा उक्त सम्मेलनलाई भव्य र गुणस्तरीय तवरले सम्पन्न गर्नको लागि गठन भएका लगानी सम्मेलनको सचिवालय र विभिन्न समिति/उप-समितिहरुलाई शशक्त रुपमा परिचालन गर्ने निर्णय गरियो ।



बासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

निर्णय नं.-४

- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १३ अनुसार आफ्नो क्षेत्रभित्रको विकास निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको न्यूततम दररेट तोक्नुपर्ने व्यवस्था भएअनुरुप आ.व. २०७६/७७ को लागि यस नगरपालिकाले **रुपन्देही जिल्लाको स्वीकृत जिल्ला दररेटलाई नै स्थानीय दररेटको** रुपमा कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.-५

- दुर्गालक्ष्मी रियल स्टेटको नाममा रहेको तिलोत्तमा नगरपालिका वडा नं.१२, साविक मक्रहर ५ख कित्ता नं. ५६८, ५७१, २६८ क्षेत्रफल क्रमश ०-२-७, ०-४-१९, ०-४-५ गरी जम्मा ०-११-११ क्षेत्रफल भित्र जग्गा प्लटिङ्ग गर्नको लागि यस कार्यपालिकावाट गठित **जग्गा उपयोगिता तथा विश्लेषण प्राविधिक समिति** वाट सिफारिस भई आएको र उक्त जग्गा विकास गर्न तिलोत्तमा नगरपालिकाको भू-उपयोग मापदण्ड २०७५ मा उल्लिखित विद्युत लाइन, खानेपानी, खुलाक्षेत्र लगायतका मापदण्डहरु पूरा गरेको हुँदा कार्यालयवाट स्वीकृत नक्सा अनुसार प्लटिङ्ग तथा कित्ताकाट गर्नको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-६

- तिलोत्तमा नगरपालिका वडा नं ६ को वडा समितिको निर्णयानुसार माग भइ आएको सोही वडाको आश्रीत पथ आसपासमा रहेको माया गुरुङ्गको जग्गा देखि पूर्व नयाँ बस्ती सोता देखि आउने घोलाको घुम्ती बुद्धिराम थारुको घर नजिक रहेको सार्वजनिक जग्गा कित्ता नम्वर १७९ मध्ये (०-३-०) तीन कट्ठा जग्गा करहिया खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई संरचना विस्तार गर्न र पूर्व पश्चिममा बाँकी रहेको जग्गा कुञ्जलापुर कुलापानी समितिको भवन निर्माणको लागि उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-७

- **"तिलोत्तमा औद्योगिक ग्राम संचालन** तथा **व्यवस्थापन कार्यविधि, २०७६"** उपर दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-८

- तिलोत्तमा नगरपालिका, वडा नं.-१० स्थित सेमरा स्वास्थ्य चौकी स्तरोन्नति गर्नुका साथै, दश सैयाको प्रसुती गृह स्थापनाका लागि रोटरी क्लव अफ रुपन्देहीले प्रस्ताव पेश गरेकोमा उक्त संस्थालाई अनुमती प्रदान गर्ने र उक्त संस्थासँग यस नगरपालिकाले (MOU) गर्ने निर्णय गरियो ।

बासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-९

- तिलोत्तमा नगरपालिकामा करारमा कार्यरत तपशीलमा उल्लेखित कर्मचारीहरुको सेवा करारको म्याद २०७६ असार मसान्तमा समाप्त भएको हुँदा उक्त पदमा स्थायी पदपूर्ति भए पश्चात करार सम्झौता स्वतः समाप्त हुने गरी देहाय अनुसार सेवा सुविधा प्राप्त गर्ने गरी २०७६ श्रावण देखि पौष समान्त सम्म (६ महिनाको लागि) करार सेवाको म्याद थप गरी सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

तपशील

नगर कार्यपालिकाको कार्यालय तर्फका करारका कर्मचारीहरु

| क.सं. | कर्मचारीको नाम थर | दर्जा | कार्यरत अवधि | खाईपाई आएको मासिक पारिश्रमिक | हाल कायम गर्नुपर्ने पारिश्रमिक |
|---|---|---|---|---|---|
| १ | गिरीराज डुम्रे | इन्जिनीयर,अ. छैठौं | २०६७।७।१३ देखि | ३०,५००।०० | ३५,९९०।०० |
| २ | सुदीप ढकाल | सूचना प्र. अधिकृत | २०७४।९।२४ देखि | एल.जि.सि.डि.पि. को कार्यक्रमबाट | ३५,९९०।०० |
| ३ | अल्पा घिमिरे | व.सा. परिचालक | २०७४।१०।३ देखि | एल.डि.एफ.पि. को कार्यक्रमबाट | ३५,९९०।०० |
| ४ | बिष्णु प्रसाद अर्याल | स्व.सचिव स.पांचौ | २०७४।७।१९ देखि | २३५००।०० | २८,२००।०० |
| ५ | विनोद तिवारी | सब इ. | २०६९।५।२५ देखि | २३५००।०० | २८२००।०० |
| ६ | सपना पौडेल | सब इ. | २०७२।१।२ देखि | २३५००।०० | २८२००।०० |
| ७ | पारेश्वर आचार्य | सब.ओ.सी. | २०६७।१।५ देखि | २२१७०।०० | २६६१०।०० |
| ८ | इश्वर भण्डारी | अमीन | २०७१।६।४ देखि | २२१७०।०० | २६६१०।०० |
| ९ | भगवती तिवारी | स.क.अ. | २०६६।१०।२ देखि | २२१७०।०० | २६६१०।०० |
| १० | अञ्जली पौडेल | स.क.अ. | २०७४।१२।१५ देखि | २२१७०।०० | २६६१०।०० |
| ११ | सरस्वती अर्याल | सहायक चौथो | २०५७।५।१९ देखि | २२१७०।०० | २६६१०।०० |
| १२ | दिपक प्रसाद कडेल | सहायक तृतिय | २०६८।१।२० देखि | १८३४०।०० | २२०१०।०० |
| १३ | सुरेश पाण्डे | हेभी स. चालक | २०७२।३।२७ देखि | १९८७०।०० | २३८५०।०० |
| १४ | मनोज पौडेल | हेभी(दमकल )चालक | २०७५/३/१ देखि | १९८७०।०० | २३८५०।०० |
| १५ | परशुराम अर्याल | ह.सवारी चालक | २०७०।१।२१ देखि | १८३४०।०० | २२०१०।०० |
| १६ | राजु शर्मा | ह. स.चालक | २०७४।४।१ देखि | १८३४०।०० | २२०१०।०० |
| १७ | हरिशंकर नाँउ | ह. स.चालक | २०७४।१२।१५ देखि | १८३४०।०० | २२०१०।०० |
| १८ | बुद्धिराम चौधरी | नगर प्रहरी | २०७४।११।१६ देखि | १७२३०।०० | २०६८०।०० |
| १९ | हेमराज लामिछाने | नगर प्रहरी | २०७४।११।१६ देखि | १७२३०।०० | २०६८०।०० |
| २० | डिल्लीराज पौडेल | नगर प्रहरी | २०७४।११।१६ देखि | १७२३०।०० | २०६८०।०० |
| २१ | मदन के.सी. | नगर प्रहरी | २०७५/६/१ देखि | १७२३०।०० | २०६८०।०० |
| २२ | सृजना बोहोरा | नगर प्रहरी | २०७५/६/१ देखि | १७२३०।०० | २०६८०।०० |
| २३ | प्रकाश चौधरी | नगर प्रहरी | २०७५/६/१ देखि | १७२३०।०० | २०६८०।०० |
| २४ | राकेश प्रसाद लोनिया | नगर प्रहरी | २०७५/६/१ देखि | १७२३०।०० | २०६८०।०० |



बासुदेव घिमिरे
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | ओम प्रकाश कुवर | का.स. | २०५५।०१।२२ देखि | १६२३०।०० | १९४८०।०० |
| २६ | कमला न्यौपाने | का.स. | २०६७।११।२ देखि | १६२३०।०० | १९४८०।०० |
| २७ | देवी ज्ञवाली | का.स. | २०७२।११।२७ देखि | १६२३०।०० | १९४८०।०० |
| २८ | जय बहादुर खड्का | का. स. | २०७४।६।१ देखि | १६२३०।०० | १९४८०।०० |
| २९ | हरिराम कुवर जोगी | का.स. | २०७२।४। देखि | १६२३०।०० | १९४८०।०० |
| ३० | हेमलाल आचार्य | का.स. | २०७४।०४।१ देखि | १६२३०।०० | १९४८०।०० |
| ३१ | मेनका तिवारी | का.स. | २०७४।१०।११ देखि | १६२३०।०० | १९४८०।०० |
| ३२ | चन्दा थापा | का.स. | २०७४।१०।११ देखि | १६२३०।०० | १९४८०।०० |
| ३३ | मञ्जु पन्थी | का.स. | २०७४।१०।११ देखि | १६२३०।०० | १९४८०।०० |
| ३४ | रुपा भुजेल | का.स. | २०७४।१०।११ देखि | १६२३०।०० | १९४८०।०० |
| ३५ | पवित्रा भुर्तेल | का.स. | २०७४।१०।११ देखि | १६२३०।०० | १९४८०।०० |
| ३६ | लक्ष्मी खासु | का.स. | २०७४।१०।११ देखि | १६२३०।०० | १९४८०।०० |
| ३७ | राधिका पाण्डेय | का.स. | २०६५।११।१९ देखि | १६२३०।०० | १९४८०।०० |
| ३८ | निर्मला थारु | का.स. | २०७५।१।११ देखि | १६२३०।०० | १९४८०।०० |
| ३९ | सीता पाठक | का.स. | २०७५।१।११ देखि | १६२३०।०० | १९४८०।०० |
| ४० | रमा भट्टराई | का.स. | २०७५।१।२४ देखि | १६२३०।०० | १९४८०।०० |
| ४१ | अमृता थापा | का. स. | २०७०।५।२० देखि | १६२३०।०० | १९४८०।०० |

**स्वास्थ्य चौकी/वर्थिङ्ग सेन्टर/शहरी स्वा. केन्द्रहरुमा कार्यरत (करार) कर्मचारीहरु**

| क. सं. | कर्मचारीको नाम थर | दर्जा | स्वा. संस्था | काम शुरु गरेको मिति | खाईपाई आएको मासिक पारिश्रमिक | हाल कायम गर्नुपर्ने पारिश्रमिक |
|---|---|---|---|---|---|---|
| १ | विमला रोका | हे.अ. | शहरी स्वा.केन्द्र, सिमानगर | ०७३।३।१ | २३५००।०० | २८,२००।०० |
| २ | विदुर ज्ञवाली | हे.अ. | शहरी स्वा.केन्द्र, मद्रहानी | ०७४।१२।१५ | २३५००।०० | २८,२००।०० |
| ३ | शिशिर पाण्डेय | हे.अ. | शहरी स्वा.केन्द्र, भलवारी | ०७४।१२।१५ | २३५००।०० | २८,२००।०० |
| ४ | यमकला डुम्रे | अ.न.मी. | आनन्दवन हे.पो. | ०६८।७।२० | २२१७०।०० | २६६१०।०० |
| ५ | तुल्सा अधिकारी | अ.न.मी. | आनन्दवन हे.पो. वर्थिङ्ग सेन्टर | ०६५।१०।१ | २२१७०।०० | २६६१०।०० |
| ६ | रमा पाण्डेय | अ.न.मी. | सेमरा वजार हे.पो. वर्थिङ्ग सेन्टर | ०६६।७।१ | २२१७०।०० | २६६१०।०० |
| ७ | निशा पुन | अ.न.मी. | सेमरा वजार हे.पो. वर्थिङ्ग सेन्टर | ०६६।९।८ | २२१७०।०० | २६६१०।०० |
| ८ | सरला पाण्डेय | अ.न.मी. | शहरी स्वा.केन्द्र, सिमानगर | ०७३।३।१ | २२१७०।०० | २६६१०।०० |



बसन्त धिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | मोनिका बस्याल | अ.न.मी. | श.स्वाके.मद्रहानी | ०७४।१२।१५ | २२१७०।०० | २६६१०।०० |
| १० | निर्मला पोखेल | अ.न.मी. | शहरी स्वा.केन्द्र, भलवारी | ०७४।१२।१५ | २२१७०।०० | २६६१०।०० |
| ११ | लालबहादुर चौधरी | का.स. | गंगोलियास्वा. चौकी | ०७२।९।१ | १६२३०।०० | १९४८०।०० |
| १२ | यसोदा पौडेल | का.स. | टिकुलीगढस्वाचौकी | ०७१।१२।१७ | १६२३०।०० | १९४८०।०० |
| १३ | पुष्पा थापा | का.स. | मधवलिया स्वा. चौकी | ०७१।९।३ | १६२३०।०० | १९४८०।०० |
| १४ | विमला पुरी | का.स. | शहरी स्वा.केन्द्र, मद्रहानी | ०७५।१।११ | १६२३०।०० | १९४८०।०० |
| १५ | गीता न्यौपाने तिवारी | का.स. | शहरी स्वा.केन्द्र, भलवारी | ०७५।१।११ | १६२३०।०० | १९४८०।०० |
| १६ | अरबिन्द सापकोटा | का.स. | करहिया आर्युवेद केन्द्र | २०७३।१।१ | १६२३०।०० | १९४८०।०० |
| १७ | सुमिता भट्टराई | का.स. | शहरी स्वा.केन्द्र, सिमानगर | ०७३।३।१ | १६२३०।०० | १९४८०।०० |
| १८ | शान्ती चौधरी (रौतार) | स्वीपर(वर्थिङ्ग सेन्टर) | आनन्दवन स्वा.चौकी | ०७१।८।१८ | १६२३०।०० | १९४८०।०० |
| १९ | दुर्गा कुमारी चौधरी | स्वीपर(वर्थिङ्ग सेन्टर) | सेमरा वजार हे.पो. | ०६८।८।१८ | १६२३०।०० | १९४८०।०० |

- उपरोक्त तलव स्केलका अतिरिक्त नेपाल सरकारले तोके बमोजिम महंगी भत्ता उपलब्ध गराउने ।
- नगर प्रहरी तथा दमकल चालकको लागि नेपाल सरकारका प्रहरी जवान सरह राशन खर्च उपलब्ध गराउने ।
- फायरमेनको थप जिम्मेवारी तोकिएका नगर प्रहरीहरुलाई अतिरक्त भत्ता वापत (तलव स्केलको ३०% रकम) भत्ता उपलब्ध गराउने ।
- सबै करार कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिम पोशाक भत्ता र चाडवाड खर्च उपलब्ध गराउने ।

निर्णय नं.-१०

- दिगो शहरी विकासका लागि तिलोत्तमा नगरपालिकाले वोलपत्र आह्वान गरी एकिकृत शहरी विकास योजना निर्माण गर्ने कार्य टेन्डर प्रक्रिया मार्फत अगाडि बढाइएकोमा प्रतिस्पर्धाको आधारमा सोको जिम्मेवारी सिद्धार्थ इन्स्टिच्यूट अफ रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि., बुटवलले प्राप्त गरेको र उक्त संस्थाले कार्यसम्पन्न गरी **"एकिकृत शहरी विकास योजना"** नगरपालिकालाई हस्तान्तरण गरिसकेको हुँदा उक्त एकिकृत शहरी विकास योजना स्वीकृत गर्ने र आगामी नगर सभामा अनुमोदनका लागि पेस गर्ने निर्णय गरियो ।

निर्णय नं.-११ (क)

- आ.व. २०७५/०७६ मा तिलोत्तमा नगरपालिकाको वडा नं.-६ कार्यालय परिसरमा कम्पाउण्ड वाल निर्माणको लागि बजेट विनियोजन गरिएको (रु.५ लाख) र उक्त वाल



बासुदेव घिमिरे
नगर प्रमुख

निर्माण सँगै स्टोर भवन निर्माण गर्न आवश्यकता ठानी निर्माण कार्य समेत सम्पन्न भईसकेको तर उक्त आ.व.मा भुक्तानी हुन बाँकी रहेको हुँदा प्राविधिक मूल्याङ्कन अनुसार आकस्मिक कोषबाट भवन निर्माणका लागि खर्च भएको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-११ (ख)

- का.बै.सं.२४/०७५/०७६(६०) मितिः२०७६।०१।१५ गते कार्यपालिकाद्धारा गठित खरिद योजना निर्माण समितिका संयोजक एवम् कार्यपालिका सदस्य श्री कृष्ण प्रसाद पौडेलले पेश गरेको मिति २०७६/०४/२६ गतेको बैठकका निर्णयहरु अनुमोदन गरियो ।

निर्णय नं.-११ (ग)

- तिलोत्तमा नगरपालिकाद्धारा आयोजना गरिएको "तिलोत्तमा लगानी सम्मेलन-२०७६" को प्रचार-प्रसार गर्ने क्रममा सवारी दुर्घनामा परी वडा नं.-३ निवासी स्व. पत्रकार डायलसन अधिकारीको ४३ वर्षको अल्पायुमा भएको असामयिक निधनले तिलोत्तमा नगरपालिका स्तब्ध भएको छ । यस दुःखद घडीमा स्वर्गिय अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा यो बैठक हार्दिक समवेदना व्यक्त गर्दछ । साथै, मिति २०७६/०५/०६ गते बिहान ८:०० बजे स्वर्गीय अधिकारीको घरमा श्रद्धाञ्जली कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

बासुदेव घिमिरे
नगर प्रमुख